जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक १७२ | २०७६ साल माघ २३ गते बिहीबार (6 Feb. 2020 Thursday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : माटो र मुसहरको ... ३ पृष्ठमा : 'पाँच वर्षमा हवाई क्षेत्रमा ... ३ पृष्ठमा : कोरोना भाइरसकारण हडकडमा ...

# प्रमुखमाथी भएको दुर्व्यवहार तथा हातपातको बिरोध गर्दै स्थानिय तह बन्द



**दैनिक समाचारदाता**
**राजविराज, २२ माघ ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकाका प्रमुख शिवनारायण साहलाई केही व्यक्तिहरुले सार्वजनिक स्थलमा दुर्व्यवहार गरि हातपात गरेको घटनाको बिरोध गर्दै बिहीबार जिल्लाको १८ वटै स्थानिय तह अनिश्तिकालका लागि बन्द गर्ने निर्णय गरिएको छ ।

जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादवको अध्यक्षतामा बुधवार जिल्लाका १८

*बाँकी दुई पृष्ठमा*

# कुटपिटमा पाँच घाइते



**दैनिक समाचारदाता**
**राजविराज, २२ माघ ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकाका ७ स्थित हाटीमा ऐलानी जग्गाको बिषयमा छलफलको गर्ने क्रममा दुई पक्ष बिच बुधवार कुटपिट हुदा पाँच जना व्यक्ति घाइते भएका छन् ।

कुटपिटका क्रममा स्थानिय १६ बर्षिय मोहम्द हकिमलाई छुरा प्रहार गर्दा उनको टाउँको फुटेको छ भने १६ बर्षिय मों. सदाम, १७ बर्षिय मो.हसिम, २२ बर्षिय इसराफिल र ६२ बर्षिय नन्दकिशोर यादवको खुकुरी प्रहारबाट टाउँकोमा चोट लागेको छ ।

कुटपिटबाट घाइते भएका उनीहरुलाई राजविराजस्थित गजेन्द्र नारायणसिंह अस्पतालमा उपचारका लागि भर्ना गरिएको अस्पतालले जानकारी दिएको छ ।

सो घटनामा संलग्न रहेकाहरुका ब्यक्तिहरुको खोजि कार्य भइरहेको प्रहरीले जनाएको छ । यता कुटपिट घटनामा संलग्न रहेकालाई कार्वाहीको माग गर्दै पीडितहरुले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएको जनाएका छन् ।

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

**थप जानकारीका लागि**

**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**

**फोन नं. : 031-522408/09**

# छिन्नमस्ता मन्दिर सौन्दर्यीकरण हुँदै

## सभाभोजको रकम समाज विकास कार्यमा लगाउन उपेन्द्र यादवको सुझाव



**दैनिक समाचारदाता**
**राजविराज, २२ माघ ।**

प्रदेश २ मुख्यमन्त्री स्वच्छता अभियान अन्तरगत सप्तरीको छिन्नमस्ता भगवती मन्दिरलाई सौन्दर्यीकरण गरिने भएको छ । प्रदेश सरकारको लगानीमा १५ महिनाभित्रै मन्दिरको सौन्दर्यीकरण गरिने भएको हो ।

सोही अभियान अन्तर्गत गरिने सौन्दर्यीकरणको बुधबार समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र मुख्यमन्त्री लालबाबु राउतले संयुक्त रुपमा सिलान्यास समेत गरे ।

मुलुककै प्रशिद्ध छिन्नमस्ता मन्दिरमा प्रदेश सरकारले सौन्दर्यीकरणका लागि कुल ६ करोड ३० लाखको रकम बिनियोजन गरेको छ । जसमा मन्दिर प्राङ्गणमा रहेको पोखरीको सौन्दर्यीकरण, मन्दिरभित्र धर्मशाला तथा शौचालय निर्माण तथा विजुलीबत्तीको व्यवस्था गरिने भएको छ ।

सौन्दर्यीकरणको शिलान्यास गर्दै संघीय समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले अहिलेका युवाहरु कुलतमा फँस्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै आमाबुवालाई सम्मान गर्न युवाहरुलाई सुझाव समेत दिए ।

'ज्युदो छँदा आमाबुवाप्रति केही नगर्ने, अनि मृत्यु भएपछि ठूला-ठूला सभाभोज गर्ने काम बन्द गर्नुपर्छ' उनले आमाबाबुको मृत्यु पश्चात् गरिने सभाभोजको रकमले उनीहरुकै सम्झनामा शिक्षा, स्वास्थ्य अथवा अन्य सामाज विकासको काममा रकम सदुपयोग गर्न सुझाव समेत दिए ।

कार्यक्रममा मुख्यमन्त्री लालबाबु राउतले सखडेश्वरी भगवती मन्दिर प्रदेश सरकारको

*बाँकी दुई पृष्ठमा*




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer | CITY EXPRESS | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

# पहुँच विस्तारसँगै गुणस्तर सुधार्न टेलिकमलाई निर्देशन

काठमाडौं, २२ माघ (रासस)। सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले पहुँचको विस्तारसँगै गुणस्तर सुधारमा लाग्न नेपाल टेलिकमको व्यवस्थापन र कर्मचारीलाई निर्देशन दिनुभएको छ ।

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) को १६औँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा उहाँले प्रतिस्पर्धा र नयाँ चुनौतीलाई स्वीकारेर जनताको सेवामा समर्पित हुन आग्रह गर्नुभएको हो ।

मन्त्री बाँस्कोटाले गत वर्ष देशभर फोरजी सेवा पुऱ्याउने सङ्कल्प गर्दा नपत्याइए पनि हाल देशभर सो सेवा पुगेकामा खुशी व्यक्त गर्दै कम्पनीको स्वस्थ्य जीवनका निम्ति इमानदार भएर आफ्नो सम्पूर्ण क्षमता देशका लागि प्रयोग गर्न आग्रह गर्नुभयो ।

वार्षिकोत्सवस्थलमा कम्पनीमा क्रियाशील एक कर्मचारी युनियनले विरोध जनाएकामा असन्तोष व्यक्त गर्दै मन्त्री बाँस्कोटाले प्रश्न गर्दै भन्नुभयो, "आमाको जन्मदिनका दिन मङ्गलधुन बजाउने कि शोकधुन बजाउने ? यो त गाईजात्रा देखियो । पञ्चायतको टालोजस्तो पहिलो टालो बाँधेर विरोध गरिनु कुनै बहादुरी होइन, निराशाको सन्देश हो ।

मन्त्री बाँस्कोटाले लोकसेवा आयोगमा पुगेपछि टेलिकमको कर्मचारी विनियमावली आउने भएकाले विरोधका नाममा राजनीति नगर्न र राजनीति गर्नु छ भने पार्टी कार्यालयतिर जान सुझाव दिनुभयो । उहाँले भन्नुभयो, "अहिले सरकारले यो संस्थालाई कान्छा छोरा, छोरीजस्तै माया गरेको छ, यो बेलामा पनि उँभो लाग्न सकेन भने यो संस्था आफ्नो मलामी आफैँ जान्छ । हामी यस्ता गाईजात्रा पन्छाउँदै देशको विकासमा लाग्नेछौँ ।"

विरोध प्रदर्शन गर्ने कर्मचारीप्रति कडा शैलीमा प्रस्तुत हुँदै मन्त्री बाँस्कोटाले भन्नुभयो, "रचनात्मक सुझावहरू ग्रहण गरिन्छ तर राजनीतिका लागि राजनीति सह्य हुन सक्दैन । अनुशासन र नियममा रहनुस् । अन्यथा यसको हिसाबकिताब राम्रैसँग राखिनेछ । चुनौती सम्झिएर चुनौती सम्झिनुस् । राजनीतिका लागि राजनीति गर्ने विध्वंसात्मक विरोधलाई म पराजित गर्छु ।" असन्तुष्ट कर्मचारीलाई मन्त्री बाँस्कोटाको प्रश्न थियो, "के देशभरि फोरजी सेवा जानु हुँदैनथ्यो ? त्यसकारण तपाईहरू दुःखी हुनुभयो ? संस्थाको छवि माथि जान लागेको हो भनेर चिन्ता लागेको हो ?"

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव दीपक सुवेदीलगायत सहभागी कार्यक्रममा उहाँले देशकै समृद्धिको कुरा गरेर हिँडेको सरकार दुई-चारजनाको विरोधबाट नहच्किने र गाईजात्रा पन्छाउँदै देशको समृद्धितर्फ अघि बढ्छ ।"

कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले देशका ७७ वटै जिल्लामा हाले फोरजी सेवा सञ्चालन गरेको, सूचना प्रविधि महामार्ग निर्माणको काम भइरहेको र राष्ट्र निर्माणमा सञ्चार क्षेत्रबाट अग्रणी भूमिका निर्वाह गरेको बताउनुभयो ।

कार्यक्रममा टेलिकमको वार्षिकोत्सवसँग सम्बन्धित स्मारिका विमोचन गरिएको थियो भने विभिन्न सेवा र विधामा उत्कृष्ट सेवा प्रदायक र कर्मचारीलाई पुरस्कृत गरिएको थियो ।

# माटो र मुसहरको नाता

महोत्तरी, २१ माघ (रासस)। माटोसँगको अटुट नाता ! माटो काट्ने, सम्याउने र भर्ने काममा पोख्त मानिने तराईका मुसहर जातिका कूलदेवता पनि भुँइयाँ महाराज । 'भुँइयाँ' अर्थात् भुइँका देवता ।

मुसहर आफ्नो यसै भुँईको नाता चिनाउँछन् । जीवन गुजाराको मुख्य पेशा नै कृषि मजदुरी मानिने मुसहर (पुरुष) तराईमा एक ठाउँको माटो काटेर अर्को ठाउँमा भर्न टाला (काँधमा बोकिने भार) बोक्न सम्झिने खास जाति समुदाय हुन् ।

माटोसँग यस्तो नाता जोड्ने मुसहरको अहिले (माघ महिना) कूलदेवता अर्थात् भुँइयाँ महाराजको पूजाआराधनाको उत्सवको मौसम (बेला) हो । महोत्तरीका प्रत्येकजसो मुसहर बसोबासका बस्तीमा अहिले दिनहुँजसो भुँइयाँ महाराजको पूजाआराधना आयोजन भइरहेका छन् । साउन, भदौ, कात्तिक, पुस र चैतबाहेक अन्य महिनामा सामूहिक छलफलबाट उत्सव गर्न मिल्ने भए पनि मुसहर फुर्सदको हिसाबले धेरैजसो माघमै यो उत्सव मनाउने गरेका देखिन्छ । माघमा कृषि काममा मजदुरी गर्न बोलाहट कम हुने भएको हुँदा यो उत्सव यसै महिनामा आयोजना गर्ने गरिएको मुसहरको भनाइ छ ।

बर्दिवास-१४ स्थित एकीकृत नमूना मुसहर बस्तीका मुसहरले भुँइयाँ महाराजको तीनदिने पूजा अनुष्ठान भर्खरै सम्पन्न गरेका छन् । भङ्गाहाका मुसहर बस्तीमा धमाधम भुँइयाँ उत्सवको तयारी छ । एउटा बस्तीका मुसहरले सामूहिक रूपमा मनाउने यो अनुष्ठानमा भुँइयाँ महाराजका नाउँले चिनिने कूलदेवता दिना-भद्रि नाउँका दुई भाइको वीरगाथा गाउने, दिना-भद्रिका जीवनसँग सम्बन्धित नाटक खेल्ने, पूजा अनुष्ठान गर्ने र सामूहिक भोज खाने चलन छ ।

पूजाअनुष्ठानमा दिना-भद्रिको आराधनाका लागि 'देहशुद्धि' (शरीर शुद्धि) का लागि भकभक उम्लेको दूधले नुहाउने चलन छ । यस विधिलाई मुसहर 'अपटनी' भन्छन् । तान्त्रिक विधिको यो स्नान मुसहर जातिको मौलिक संस्कृति भएको नमूना बस्तीका एकमात्र उच्च शिक्षा अध्ययनरत (स्नातक तह पढ्दै गरेका) मञ्जे सादाले बताउनुभयो । "चरम गरिबी र अशिक्षाको भुँमरीमा जोतिएका हाम्रा पुर्खाले कुनै इतिहास लेखेनन्", मञ्जेले भन्नुभयो, "वंश परम्पराबाट (देखेर) सदैँ आएको भुँइयाँ महाराज (दिना-भद्रि दाजुभाइ) को पूजा उत्सव नै हाम्रो जातिको विशेष सांस्कृतिक उत्सव बन्दै आएको छ ।" भुँइयाँ महाराजको पूजाआराधनामा तातो दूधले नुहाउँदा फोका उठ्ने वा कुनै स्वास्थ्य समस्या कहिल्यै थाहा नपाइएको बस्तीका माइजन ( बस्तीका सबैले छानेका अगुवा, सांस्कृतिक प्रतिनिधि) बिशुन सादाले बताउनुभयो ।

कूल धामीले तान्त्रिक विधिबाट सम्पन्न गर्ने 'अपटनी' तीनदिने उत्सवको मुख्य आकर्षण रहँदै आएको बिशुनको भनाइ छ । "सप्तरी जिल्लामा कोसी किनारको जोगियानगर बस्ती हाम्रा लागि तीर्थस्थल नै हो, आदिकालमा त्यहीँ नै कालु सादा (पिता) र निरसा सादा ( माता) का सन्तान भएर जन्मनुभएका दिना-भद्रि दुवै भाइ (दिना र भद्रि दाजुभाइ रहेका विश्वास) भुँइयाँ महाराजको नाउँले प्रसिद्ध हुनुभयो", बिशुनले आफ्नो पुरानो इतिहास थोरै कोटचाउँदै भन्नुभयो, "लिखत केही भेटिँदैन, सुने सुनाएका भरमा मान्दै आइएको छ ।" त्यतिखेर समाजमा हुने अन्याय र थिचोमिचोविरुद्ध सङ्गठित प्रतिरोधको प्रयत्न गर्दा आफ्नै गुरुआमा देवी बगेश्वरले दिना-भद्रिको हत्या गरेकी प्रसङ्ग आफ्ना बाजेले बताउनुभएको बिशुनको भनाइ छ ।

मुसहर जातिमा सादा, माझी र सदाय थर प्रायशः भेटिएका छन् । मुसहर जातिका पुराना कुनै लिखित इतिहास, वंशावली वा प्रामाणिक कागजात भेटिएका छैनन् । यद्यपि मुसहरका कूलदेवता दिना-भद्रिले 'भुँई' (यथार्थको अर्थमा) टेक्न (सत्य समाउन) आफ्ना सन्तानलाई प्रेरित गरेका हुँदा पछि उनलाई भुइँसँगको नाता जोडाउने देवताका रूपमा 'भुँइयाँ महाराज' भनिन लागिएको हुनसक्ने मुसहर जातिबारे अध्ययन गर्दै आउनुभएका भोर संस्थाका अध्यक्ष राजकुमार महतोको भनाइ छ ।

दिना-भद्रि १२ वर्षसम्म जमीनमुनि गाडिएर रहँदा पनि सकुशल रहेका लोकोक्तिले भुइँसँगको मुसहरको नाता झन् गाढा बनेको महतोको भनाइ छ । "न कुनै लोभ ! न धन सङ्ग्रहको भोक, आम रूपमा देखिने भेटिने मुसहर यस्तै हुन्छन्", महतोले भन्नुभयो, "बिहान खाएपछि साँझको खानाको जोहोभन्दा पर भोलिका लागि मुसहरले केही सङ्ग्रह गर्दैनन् ।"

पुस्तैनी 'जन' (दैनिक ज्यालादारी गर्ने मजदूर) भएर जिन्दगी गुजार्ने मुसहर समुदायमा अब बल्ल पछिल्लो पुस्ताका नानीहरू कतैकतै लेखपढ गर्न विद्यालय जान थालेका देखिँदो छ । यद्यपि लेखपढबारे थोरै चासो बढे पनि गरिबीकै कारणले खास तहको शिक्षा पाएका मुसहर एक्कादुक्का (कहीँकतै एक/दुईवटा) मात्र भेटिन्छन् । गरिब र दलितका नाउँमा विभिन्न सचेतनामूलक र आयमूलक कार्यक्रम विभिन्न तहका सरकारले सञ्चालन गरे पनि मुसहर समुदायसम्म यो प्रभावकारी रूपमा नपुगेको महतोको भनाइ छ ।

घरमूली र वयस्क पुरुष बिहान उज्यालो हुनासाथ गिरहत (धनी, आफूले काम गर्न जाने घरधनीलाई मुसहर गिरहत भन्छन्) को घर मजदुरी गर्न जान्छन् । सात/आठ वर्ष नाघेका नानीहरू खुर्पी र कोदालो (खन्ने औजार) लिएर मुसा खोज्न, कहीँ मुसाको दुलो देख्नासाथ त्यसलाई पहिल्याउँदै खन्दै गएर मुसा मारेर घर फर्कनु मुसहर बालबालिकाको दैनिकी हो । घरका वयस्क महिला भने छोरीचेली लिएर घुंगी (हिलो पानीमा पाइने शङ्खे किरा प्रजातिको किरा) मार्न जान्छन् । मुसा पोलेर बनाइने चटनी र घुँगीको झोल मुसहरले खाने विशिष्ट परिकार मानिन्छ ।

तराईमा गुजुमुज्ज पराले छानाका छाप्रा (झुप्रा) देखिएपछि त्यो मुसहर बस्ती भनेर सहजै लख काट्न सकिन्छ । सोझा र आफ्नो गरिबी अभावबारे कसैप्रति गुनासो नगर्ने मुसहर कुपोषणकै कारण ५० वर्षभन्दा बढी बाँचेका हम्मेसी भेटिँदैनन् । जन्मदै माटोको टीका लगाइने, काम माटोकै गर्ने र कूलदेवता पनि 'भुइँ'सँगै नाता जुटेका 'भुँइयाँ महाराज' पुज्ने मुसहर तराईका आदिवासी दलित समुदायका हुन् । यिनको जीवनमा सकारात्मक परिवर्तन ल्याउन मुख्य रुपले शिक्षामै विशेष जोड दिनुपर्ने मुसहर जाति समुदायको बसोबास र रीतिथिति नजीकबाट नियाँल्नुभएका भङ्गाहा-३ का बासिन्दा समाजशास्त्री शिवराज दाहालले बताउनुभयो । यसको मुख्य समन्वय स्थानीय तहबाटै हुनपर्ने दाहालको सुझाव छ ।

प्रदेश-२ का आठ जिल्लाबाहेक पूर्वका मोरङ र सुनसरी जिल्लामा मुसहरको बसोवास छ । २०६८ सालको जनगणनामा महोत्तरीमा दुई हजार ३०० जनसङ्ख्या देखिने मुसहर अहिले भने पाँच हजारको हाराहारी पुगेका जिल्ला समन्वय समिति महोत्तरीले जनाएको छ । अहिले जिल्लाका १५ वटै स्थानीय तहसँग मुसहर लक्षित विशेष कार्यक्रम सञ्चालनका लागि समन्वय भइरहेको जिल्ला समन्वय समिति महोत्तरीका संयोजक सुरेशप्रसाद सिंहको भनाइ छ ।

### छिन्नमस्ता ...

प्राथमिकतामा रहेको भन्दै यसको उत्थानका लागि प्रदेश सरकार सक्रिय रहने बताए । सौन्दर्यीकरणका लागि प्रदेश सरकारले अभियान अन्तरगत ८ वटै जिल्लामा एक/एक वटा कार्यका लागि बजेट छुट्याएको जनाइएको छ ।

### प्रमुखमाथी भएको ...

वटै स्थानिय तहका प्रमुखहरुको उपस्थितिमा बसेको बैठकले सो निर्णय गर्दै अपराधीहरुमाथी कडा कारवाही तथा सुरक्षा र शान्तिपूर्ण वातावरण मिलाउन प्रहरी प्रशासन समक्ष माँग गरेको छ ।

सोही बैठकले घटनाको भर्त्सना गर्दै अपराधमा किटान भएका अपराधीहरुमाथी कडा भन्दा कडा दण्ड र सजायका प्रक्रिया अगाडी बढाउन माँग गरिएको छ ।

डाक्नेश्वरीका प्रमुख साहमाथी मंगलबार अमरेन्द्र यादव (लालु), अर्जुन यादव, राजिव कुमार राय, गजेन्द्र प्रसाद साह, महेश्वर प्रसाद यादव, ज्योतिष कुमार राय लगायतका व्यक्तिहरुले दुर्व्यवहार तथा हातपात गरेका थिए ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

राजविराज नगरपालिका
९ नं. वडा कार्यालय
वडा कार्यालय राजविराज न.पा.बाट जारि भएको सूचना

मिति : २०७६/१०/२३

जिल्ला सप्तरी साविक गाविस मलेठ वडा नं. ६ हाल राजविराज नगरपालिका साविक वडा नं. ९ बस्ने **विधा देवी दास**ले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७६/९/२९ गतेमा द.न. ६६५ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस राजविराज नगरपालिका वडा नं. ९ को कार्यालयमा निवेदन दिनहुन आउनु होला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

जिल्ला सप्तरी साविक गाविस मलेठ वडा नं. ६ हाल रा.वि.न.पा. वडा नं. ९ बस्ने हरिकान्त लाल दास नउाँ दर्ताको जग्ग

| जिल्ला | गाविस | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सिरहा | नहरारिगौल | ९ | २२० | ०-४-१० |
| सिरहा | नहरारिगौल | ५ | ४७१ | ०-३-८ |
| सिरहा | नहरारिगौल | ५ | ४७३ | ०-०-१७ १/२ |
| सिरहा | नहरारिगौल | ५ | ४७५ | ०-५-४ |
| सिरहा | नहरारिगौल | ५ | २४९ | ०-५-१२ |
| सिरहा | नहरारिगौल | ७ | २७० | ०-२-१२ |
| सिरहा | नहरारिगौल | ७ | ३६२ | ०-६-१२ |

बोन्ड पेपर हराएको सूचना

जलेश्वरबाट जनकपुर जादै गरेको अवस्थामा २०७६ साल पुस १० गते मेरो निम्न व्यहोराको बोन्ड पेपर हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला ।
नाम : राम मिलन खत्वे
ठेगाना : गाविस ब्रहमपुरी ६, महोत्तरी
विमा लेख नं. : २५१३००३७१

# ‘पाँच वर्षमा हवाई क्षेत्रमा क्रान्तिकारी फड्को मार्नेछ’

काठमाडौँ, २२ माघ (रासस)।

सरकारले बहुप्रतिक्षित निजगढ अन्तरराष्ट्रिय विमानस्थल निर्माणको कामलाई उच्च प्राथमिकताका साथ अघि बढाउने भएको छ।
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले बारामा प्रस्तावित निजगढ अन्तरराष्ट्रिय विमानस्थल अबको पाँच वर्षभित्र व्यावसायिक सञ्चालनमा आउने बताउनुभयो।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले भौतिक पूर्वाधारको प्रगतिबारे जानकारी दिन बुधबार प्रधान कार्यालयमा आयोजना गरेको पत्रकार सम्मेलनमा पर्यटनमन्त्री भट्टराईले निजगढ विमानस्थल सरकारको प्राथमिकतायुक्त आयोजना भएकाले यसलाई गति दिइने उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, “निजगढ विमानस्थल हाम्रो ‘ड्रिम परियोजना’ हो, पाँच वर्षमा यसलाई व्यावसायिक रूपमा सञ्चालन गर्नैपर्छ, निजगढ विमानस्थल सरकारको एकमात्र अर्जुनदृष्टि हो।”

मन्त्री भट्टराईले निजगढमा विमानस्थल बनाउनुपर्ने अपरिहार्यता भएकाले पाँच वर्षका लागि कुनै विश्राम लिने ठाउँ छैन भन्दै आयोजनालाई द्रुतगतिमा अघि बढाइनुपर्नेमा जोड दिनुभयो।

निजगढ विमानस्थलको विमानस्थल क्षेत्रको आठ हजार हेक्टर जग्गाको तारबारको काम सकिएको छ भने मुआब्जा वितरणको काम भइरहेको छ। प्राधिकरणका अनुसार एक अर्ब मुआब्जा बापतको रकम खर्च भइसकेको छ। यो आयोजना निर्माणका लागि लगानी बोर्डले स्विटजरल्यान्डको ज्युरिच इन्टरनेशनल एयरपोर्ट एजीलाई परियोजनाको विस्तृत प्रस्ताव माग गरिसकेको छ। उक्त कम्पनीको प्रस्तावबमोजिम सरकारले आफ्ना मापदण्ड स्पष्ट गरेपछि विमानस्थलको काम अघि बढ्ने पर्यटन मन्त्रालयले जनाएको छ।

पहिलो चरणमा विमानस्थल निर्माणका लागि एक हजार ९०० हेक्टरभित्रका रूख कटानका लागि पर्यटन मन्त्रालयले वन तथा वातावरण मन्त्रालयलाई पत्राचार गरिसकेको छ। वन मन्त्रालयले उक्त क्षेत्रमा कति रूख काट्नुपर्ने हो सोको यकिन विवरणसहित पत्राचार गरेपछि विमानस्थल निर्माणको काम अघि बढ्ने प्राधिकरणका निर्देशक प्रदीप अधिकारीले बताउनुभयो।

पर्यटनमन्त्री भट्टराईले आगामी पाँच वषभित्र नागरिक उड्डयनको क्षेत्रमा ठूलो क्रान्तिकारी फड्को मार्ने उल्लेख गर्दै वार्षिक एक करोड पर्यटक आउनेगरी काम भइरहेको जानकारी दिनुभयो। उहाँले विमानस्थलमा ठूलो लगानी भएको र विमानस्थलले आत्मनिर्भरताको बाटो अपनाई सेवा प्रवाह र व्यवसाय दवैलाई सँगै लैजानुपर्ने धारणा राख्नुभयो।

सङ्घीय सरकारले प्रदेश र स्थानीय तहको सरकारसँग साझेदारी गरेर विमानस्थल पूर्वाधार विकासमा अघि बढ्ने उहाँको भनाइ छ। मन्त्री भट्टराईले पाँच वर्षभित्र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको क्षमता विस्तार हुने, करीब चार महिनाभित्र भैरहवामा निर्माणाधीन गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आउने र एक वर्षभित्र पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आउने बताउनुभयो।

सरकारले सम्पर्क सञ्जाल ‘कनेक्टिभिटी’ लाई उच्च प्राथमिकता दिएको र समृद्धिका आधारका रूपमा रहेका हवाई तथा सडक यातायात, रेल र पानीजहाज जस्ता पूर्वाधार विकासमा समग्र ध्यान केन्द्रित भएको उहाँको भनाइ छ।

कार्यक्रममा प्राधिकरणका निर्देशक अधिकारीले नेपालमा सञ्चालित ५४ विमानस्थलको भौतिक विकासको प्रगति तथा आर्थिक अवस्थाबारे जानकारी गराउनुभएको थियो। प्राधिकरणले विमानस्थल पूर्वाधारमा दुई वर्षमा गरेका काम र आगामी पाँच वर्षको कार्ययोजना र अनुमानित खर्चसहिको विवरण प्रस्तुत गर्नुभएको थियो। प्राधिकरणअन्तर्गत देशभर आन्तरिक, क्षेत्रीय र अन्तरराष्ट्रिय गरी ५४ विमानस्थल सञ्चालनमा रहेका र तीमध्ये हाल ३२ वटा सञ्चालनमा रहेको जानकारी दिइयो।

सञ्चालनमा रहेका विमानस्थलमध्ये ३५ वटा विमानस्थलको कालोपत्र भइसकेका छन्। क्षेत्रीय विमानस्थलको गुरुयोजना बनाई विस्तार र स्तरोन्नतिको काम भइरहेको तथा सञ्चालनमा नरहेका विमानस्थलको सम्भाव्यता हेरेर छिट्टै सञ्चालन गर्ने गरी योजनाबद्ध काम भइरहेको निर्देशक अधिकारीले बताउनुभयो।

प्राधिकरणका अनुसार विगत दुई वर्षको अवधिमा मुलुकका अन्तरराष्ट्रिय विमानस्थलतर्फको पूर्वाधार विकासमा रु ५० अर्ब र जग्गा अधिग्रहणका लागि रु ३३ अर्ब खर्च भइसकेको छ।

आन्तरिकतर्फ पूर्वाधारमा रु ६ अर्ब र जग्गा अधिग्रहणमा रु एक अर्ब अबको पाँच वर्षभित्र रु ५० अर्ब खर्च गर्नुपर्ने अवस्था रहेको निर्देशक अधिकारीले जानकारी दिनुभयो। तराई क्षेत्रका सबै विमानस्थलको स्तरोन्नति गरी ठूला जहाज सञ्चालनको वातावरण सिर्जना गर्ने र पहाडी तथा हिमाली क्षेत्रका विमानस्थललाई विस्तार गरी एटिआर-४२ जहाज लैजानेगरी काम अघि बढाइएको प्राधिकरणले जनाएको छ।

# प्रहरीद्वारा विद्यार्थीसँग अन्तरक्रिया

**दैनिक समाचारदाता**
**राजविराज, २२ माघ।**

समुदाय प्रहरी साझेदारी अबधारणा अनुरुप बुधबार राजविराज नगरपालिका वडा नं. ८ स्थित विसडम विद्यालयमा प्रहरीले विद्यार्थीहरुसँग अन्तरक्रिया गरेको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीको आयोजनामा आयोजित “बिद्यालय सम्पर्क कार्यक्रम“ अन्तरक्रिया कार्यक्रममा बिद्यालयका कक्षा ८ र ९ मा अध्ययनरत बिद्यार्थी, शिक्षकलगायतको सहभासगता रहेको थियो।

अन्तरक्रियामा अपराधको परिचय, रोकथामका उपायहरु, व्यक्तिगत जिम्मेवारी, लैंगिक हिंसा, बाल दुर्व्यवहार, लागु.औषध र मादक पदार्थ प्रकार, असर र बच्ने उपायहरु, आधारभुत सुरक्षा, सडक सुरक्षा, साईवर सुरक्षा, प्रहरीलाई खवर गर्ने १०० नं को प्रयोग, आधारभुत कानुन जस्ता व्यवहारिक विषयहरुको बारेमा जानकारी दिइएको थियो।

## विश्व समाचार

# कोरोना भाइरसका कारण हङकङमा १८ संक्रमित, मृत्यु हुनेको संख्या ५००

हङकङ, २२ माघ (रासस/सिन्ह्वा)।

चीनमा महामारीको रुप लिइरहेको कोरोना भाइरसबाट हङकङमा १८ जनामा सङ्क्रमण भएका जनाइएको छ। विश्वभर त्रास फैलाएको कोरोना भाइरसका कारण हङकङ अस्पतालमा पनि एक व्यक्तिको मृत्यु भएको अस्पतालका प्रवक्ताले मङ्गलबार पुष्टि गर्नुभएको थियो। हङकङका ती व्यक्तिलाई गत जनवरी ३१ मा कोरोना भाइरस सङ्क्रमण भएको पुष्टि भएको थियो। उपचारका लागि प्रिन्स मार्गरेट अस्पतालमा भर्ना भएका उनको हिजो मृत्यु भएको थियो। कोरोना भाइरसका कारण चीनमा करिब ५०० जनाको ज्यान गएको छ।

# राष्ट्रपति ट्रम्पको भाषणको प्रति रोष्ट्रम मै च्यातियो...

वासिङ्टन, २२ माघ (रासस/एपी)।

अमेरिकी इतिहासमा संसद्को सभामुखले कुनै राष्ट्रपतिले संसद्मा गरेको वार्षिक सम्बोधन भाषण संसद्कै रोष्ट्रममा च्यातिदियो भन्ने कल्पनासम्म गर्न सकिन्न तर यस पटक अमेरिकी कङ्ग्रेसकी सभामुख न्यान्सी पेलोसीले सबैलाई आश्चर्य पार्दै राष्ट्रपति ट्रम्पको भाषणको प्रति रोष्ट्रममै च्यातिदिनुभयो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कङ्ग्रेसमा “स्टेट अफ दी यूनियन” नामको वार्षिक सम्बोधन भाषण समाप्त गरेलगत्तै सभामुख पेलोसीले ट्रम्पको भाषणको प्रतिलाई दुई टुक्रा पार्नुभएको थियो।

यो घटना राष्ट्रपति ट्रम्पकै सामुन्ने भएको थियो। राष्ट्रपतिले भाषण समाप्त गरेर हिँड्न लाग्दा पेलोसीले उक्त कागज अरु तीन चार टुक्रा पार्नुभएको टेलिभिजन फुटेजमा देखिएको छ। उक्त घटनापछि संसद् भवन क्यापिटलमा संवाददातासँग कुरा गर्दै सभामुख पेलोसीले भन्नुभयो, “राष्ट्रपतिको भाषण झुठको पुलिन्दा हो।” सभामुखले राष्ट्रपतिको सम्बोधन भाषणको कपी च्यात्ने कुनै पूर्व योजना नरहेको पेलोसीका निकटवर्तीले नाम नभन्ने शर्तमा बताएका छन्। रिपब्लीकन पार्टीका सांसदले भने सभामुखको रबैया निन्दनीय रहेको आरोप लगाएका छन्। “अबको राष्ट्रपति चुनावमा पनि सभामुख पेलोसीले स्वतन्त्र मतदातालाई त्यसैगरी तोड्दै हुनुहुन्छ,” राष्ट्रपति ट्रम्पका चुनावी प्रचारका प्रवक्ता टिम मर्टागले बताउनुभयो। “पेलोसी र डेमोक्रयाटले राष्ट्रपति ट्रम्पले अमेरिकी जनताका लागि गरेका राम्रा कामलाई पनि अस्वीकार गरेको यसैबाट पुष्टी हुन्छ।”

लुजियानाका रिपब्लीकन मतगणक स्टिभ स्कालिजले ट्वीट गर्दै आक्रोश पोख्नुभयो, “राष्ट्रपतिको भाषणले अमेरिकी नागरिकलाई समान व्यवहार गरेको थियो। तर पेलोसीले त्यसलाई च्यातचुत पार्ने निर्णय गर्नुभयो।” केही महिना अघिमात्र अमेरिकी तल्लो सदन “हाउस अफ रिप्रिजेन्टेटिभ्स”ले राष्ट्रपति ट्रम्पले कङ्ग्रेसलाई बेवास्ता गरेको र न्यायमा अवरोध गरेको भन्दै महाभियोग प्रस्ताव पारित गरेको थियो। महाभियोग प्रस्ताव अहिले माथिल्लो सदन सिनेटमा विचाराधीन अवस्थामा छ। सिनेटमा रिपब्लीकन पार्टीको बहुमत रहेकाले राष्ट्रपति विरुद्धको महाभियोग प्रस्ताव पारित नहुने पक्का भइसकेको छ, र रिपब्लीकन पार्टीले राष्ट्रपतिलाई पूर्णसमर्थन गर्ने जनाइसकेका छन्। महाभियोगको प्रस्तावका सन्दर्भमा बुधवार वा बिहीवार सिनेटमा मतदान हुँदैछ। महाभियोग पारित हुन संसद्को दुई तिहाई मत आवश्यक पर्दछ।

राष्ट्रपति ट्रम्पले संसद्मार्फत राष्ट्रका नाममा गरेको सम्बोधनमा अमेरिकाले आफ्नो शासनकालमा व्यापक प्रगति गरेको, आर्थिक सुधार भएको, विदेश नीति सफल रहेको, आतङ्कवाद विरुद्धका कैयौं अभियानमा सफलता हासिल भएको, अमेरिकी सेनाको क्षमता बढेको, स्वास्थ्य र शिक्षाका क्षेत्रमा प्रगति भएको, अनधिकृत आप्रवासन घटेकोलगायतका दाबी गर्नुभएको थियो। करिब ७८ मिनेटको सम्बोधन भाषणमा राष्ट्रपति ट्रम्पले आगामी नोभेम्बरमा हुने राष्ट्रपतिको निर्वाचनमा आफू पुनःविजयी हुने विश्वासका साथ अमेरिकालाई थप प्रगतितर्फ अगाडि लैजाने दृढता व्यक्त गर्नुभएको थियो। राष्ट्रपतिको सम्भाषणका क्रममा अमेरिकी विशिष्ट व्यक्तिका साथै भेनेजुएलाका विपक्षी नेता हुँवा गुएइदो पनि दर्शक दिर्घामा सहभागी हुनुहुन्थ्यो। राष्ट्रपति ट्रम्पले गुएइदोलाई अमेरिकाले राष्ट्रपतिका रुपमा स्वीकार गरेको भन्दै “राष्ट्रपति” भन्दै सम्बोधन गर्नुभएको थियो। राष्ट्रपति ट्रम्पले विश्वभर नै समाजवादी आन्दोलनले गरिबी बढाएको र अर्थव्यवस्थालाई कमजोर बनाएको बताउँदै त्यस्तो व्यवस्था रुचाउने अमेरिकामा पनि पराजित हुने विश्वास व्यक्त गर्नुभयो। राष्ट्रपति ट्रम्पको सम्बोधनका क्रममा केही डेमोक्रयाट सांसद संसद् भवनमा उपस्थित भएका थिएनन्।

# अफगान युद्ध अन्त्यका लागि प्रयास जारी

वासिङ्टन, २२ माघ (रासस/सिन्हवा)।

संयुक्तराज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार राति ‘स्टेट्स अफ युनियन’लाई सम्बोधन गर्दै अमेरिकी प्रशासनले ‘अफगान युद्ध’ अन्त्य गर्न काम गरिरहेको बताउनुभएको छ। हाउस अफ रिप्रिजेन्टटिभ्स् र कङ्ग्रेसको संयुक्त सत्रमा बोल्नु हुँदै ट्रम्पले अफगानिस्तानमा अमेरिकी सेनाले प्रगति गरिरहेको र तालिबान लडाकू समूहसँग शान्ति वार्ता भइरहेको बताउनुभएको छ। ‘हामी अन्ततःअमेरिकाको सबैभन्दा लामो युद्ध अन्त्य गरी हाम्रो सेनालाई घर फर्काउन कोशिस गर्दैछौं,” ट्रम्पले भन्नुभएको छ। “कानुनको डण्डा लगाउने एजेन्सीका रूपमा अन्य राष्ट्रको सेवा गर्नु हाम्रो कार्य पनि होइन।” संयुक्तराज्य अमेरिका र तालिबानबीच शान्ति वार्ता गत वर्ष शुरु भएको थियो तर सेप्टेम्बर र डिसेम्बरमा अमेरिकी सेनाको तालिम केन्द्रमा भएको तालिवानी लडाकूको आक्रमणपछि वार्ता रोकिएको थियो।

लामो समय अर्थात् सन् २००१ बाट शुरू भएको अफगान युद्धको कारण अमेरिकी सेनालाई पर्दै आएको अफ्ठचारो ‘हास्यास्पद’ भएको उहाँले बताउनुभएको छ। अझै पनि अफगानिस्तानमा करिब १३ हजार अमेरिकी सेना रहेका छन्। यी सेनाले प्रायःअफगानी सेनालाई तालिवानी लडाकू विरुद्ध तालिमलगायत सरसल्लाह दिने कार्य गर्दै आएका छन्। अफगान युद्ध अमेरिकी इतिहासको सबैभन्दा लामो युद्ध हो। सन् २००१ मा अफगानिस्तानमा अमेरिकी सेनाको उपस्थिति भएयता अमेरिकी सेनाका २४ सय सदस्य मारिएका छन्।


बिष्णुपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बिष्णुपुर, सप्तरी, २ नं. प्रदेश, नेपाल

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना
प्रकाशित मिति : २०७६/१०/२३ गते

यस विष्णुपुर गाउँपालिकाको वडा नं.-१ मा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्य सम्बन्धी सूचना मिति २०७६/०९/१० गतेको राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार तोकिएको समयमा दर्ता हुन आएका दरभाउ-पत्रहरु मध्ये तपसिलमा उल्लेख भएको दरभाउ-पत्र न्युनतम मुल्यांकित तथा सारभुत रुपमा प्रभाबकारी भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र (३) को प्रयोजनको लागि यो सुचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्र दाताहरुको लागि ७ (सात) दिने आश्यको सुचना यसै सुचनाबाट जानकारी गराईन्छ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कामको बिबरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | क्बोल गरेको रकम (मु.अ.क.बाहेक) |
|---|---|---|---|---|
| १ | ०१/२०७६/०७७ | आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्य, विष्णुपुर गा.पा.-१ | न्यू जलपा निमार्ण सेवा, राजविराज-१२, सप्तरी | ३२,९२,९९८।८४ |

- प्रमुख प्रशासकिय अधिकृत

# स्थानिय तहमा कक्षा पढाई कार्यक्रम पुर्‍याउनुपर्नेमा जोड



**दैनिक समाचारदाता**
**राजविराज, २२ माघ ।**

स्थानिय तह सम्म प्रारम्भिक कक्षा पढाइ कार्यक्रम प्रभावकारी बनाउन तथा शैक्षिक बिकासका लागि सबै सरोकारवालाहरू एकजुट हुनुपर्नेमा जोड दिइएको छ ।

बुधवार राजबिराज नगरपालिकाको आयोजनामा राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रम अन्तर्गत स्थानिय तहका जनप्रतिनिधि तथा शिक्षा सम्बद्ध पदाधिकारीहरूका लागि तीन दिने क्षमता बिकास कार्यशाला गोष्ठीको समापन कार्यक्रम सहभागीहरूले सो कुरामा जोड दिएका हुन ।

सो अवसरमा राजबिराज नगरपालिका उपप्रमुख साधना झाले नगरको शिक्षा बिकासका लागि तथा बिद्यार्थीहरूको सीपको बिकासमा दक्ष बनाउन ठोस योजना ल्याउने बताईन, ।

नगर शिक्षा समिति सदस्य तथा राजबिराज वडा ८ का अध्यक्ष जय नारायण मण्डलले नगरभित्रका बिद्यालयको बिकासका लागि सबै बिद्यालयमा प्रारम्भिक कक्षा पढाई कार्यक्रमलाई प्रभाकारी बनाउने बताए ।

यस्तै केअ माबिका प्रअ बिनोद साहले निजी सरह सामुदायिक बिद्यालय अभिभावकले समय दिन नसकेकोले सामुदायिक बिद्यालयको गुणस्तरिय घट्दै गएको बताए ।

राजबिराज नगरपालिका प्रमुख प्रशासकिय अधिकृत मदन बहादुर थापाले नगरभित्रको बिद्यालयको शैक्षिक अबस्था कमजोर हुँदै जादाँ नगरपालिकाले शैक्षिक क्षेत्रलाई बलियो सँगै बिकासको गति दिन क्षमता बिकास कार्यशाला कार्यक्रमले शिक्षाको गुणस्तरियतामा टेवा पुग्ने बिश्वास लिएका बताए ।

सो अवसरमा नगरका शिक्षा शाखा अधिकृत भोगेन्द्र प्रसाद यादबले यस कार्यशालाले शिक्षाको योजनाको निर्माण, कार्यन्वयन, अनुगमन तथा पृष्ठपोषण गर्ने उदेश्य रहेको बताउदै यस कार्यमा सबै जनप्रतिनिधि तथा बिधालय ब्यबस्थापन समिति, शिक्षक अभिभावक संघलाई जिम्मेवारी बनाउन सहयोग पुग्ने जिकिर गरे ।

सो गोष्ठीमा प्रमुख प्रशासकिय अधिकृत थापा, शाखा अधिकृत यादब, ईजिआरपीका सप्तरी जिल्ला संयोजक प्रमोद महत, डोल्पा ईजिआरपी जिल्ला संयोजक रणबहादुर कार्की लगायतले सहजिकरण गरेका थिए ।

# राष्ट्रिय सभा सदस्य सिंह गृहगाउँमा सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, २२ माघ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नम्बर ४ ले राष्ट्रिय सभामा निर्वाचित सदस्य एवं सोही वडाका स्थानीयवासी समेत रहेका शेखर कुमार सिंहलाई बुधबार सम्मानित गरेको छ ।

वडा अध्यक्ष गोपी मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि सिंहले आफुलाई ग्रामवासीहरुले सम्मान गरेकोमा धन्यवाद दिँदै गन्तन्त्रका नेता रामराजा प्रसाद सिंह र मधेशवादको शुरुवात गर्ने व्यक्ति गजेन्द्र नारायण सिंहको समेत जन्मभुमि पनि यही रहेको बताए ।

आफ्नो ६ वर्षको कार्यकालको समयलाई सद्पयोग गर्दै कोईलाडी गाउँको मान सम्मानलाई अगाडी बढाउने प्रतिबद्धता समेत उनले व्यक्त गरे ।

कार्यक्रममा तिलाठी कोइलाडी गाउँ पालिका वडा नम्बर ५ का वडा अध्यक्ष राजेन्द्र साह, विद्यालयका प्रध्यानध्पक दिपेन्द्र झाले शुभकामना मन्तव्य दिनुका साथै शिक्षिका पपी सिंहले स्वागत मन्तव्य दिएका थिइन् ।

# पाउरोटी उद्योगिहरुलाई असल उत्पादन अभ्यास सम्बन्धी तालिम



**दैनिक समाचारदाता**
**राजविराज, २२ माघ ।**

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजले बुधबार सिरहा र सप्तरीका पाउरोटी (बेकरी) उद्योगिहरुलाई एक दिने असल उत्पादन अभ्यास सम्बन्धी तालिम दिएको छ ।

सिरहा र सप्तरीका ४० जना पाउरोटी उद्योगिहरुको सहभागितामा आयोजित सो तालिममा डिभिजन कार्यालयका खाद्य निरिक्षक सुरेश कुमार सिंहले सहजिकरण गरेका थिए ।

राजविराज वडा नं. ८ का अध्यक्ष जयनारायण मण्डलको प्रमुख आतिथ्यमा आयोजित तालिममा पाउरोटी बनाउँदा विभिन्न प्रक्रियालाई ध्यानमा राखी उत्पादन गर्नु पर्ने बारेमा जानकारी दिएको खाद्य निरिक्षक सिंहले बताए ।

उनले पाउरोटी उत्पादन गर्ने बेला प्रशोधन कक्ष, प्रशोधनका पूर्वाधार, प्रशोधन प्रविधि तथा उपकरण, क्यालिब्रेसन, कच्चा पदार्थको भण्डारण, पानी, प्रक्रिया नियन्त्रण विधि, सरसफाई, व्यक्तिगत सरसफाई, चरा, किरा, मुसा नियन्त्रण व्यवस्था, फोहर व्यवस्थापन, मर्मत सम्भार, गुणस्तर, ढुवानी, वितरण, गुणस्तरहिन उत्पादनको व्यवस्थापन, रेकर्ड, अभिलेख, तालिम, जनशक्ति र उपभोक्ताको गुनासो समेतलाई ध्यानमा राखी उत्पादन गर्नु पर्ने कुरामा ध्यान दिन उनीहरुलाई सुझाव समेत दिए ।


नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT





एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस् ।
राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७



स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको 'स्टुडेन्ट गर्ल्स होस्टललाई' सम्झनुहोस् ।
सम्पर्क
स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३



दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।



नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd
BATAS
CG Money
CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*